(प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ५(१) बमोजिम तयार गरिएको)

# आर्थिक वर्ष २०८१/८२ को

# प्रथम चौमासिक प्रतिवेदन

(२०८१ साउन-कार्तिक)

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# बागमती प्रदेश

## प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ५(१) बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

**कार्यालयको नामः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, बागमती प्रदेश**

**अवधिः- २०८१ साउन १ देखि २०८१ कार्तिक मसान्तसम्म**

### १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानमा व्यवस्था भए अनुरुप प्रदेश सरकारहरुको स्थापना भएपश्चात् प्रदेशको प्रादेशिक प्रशासनको सर्वोच्च निकाय (Apex Body) को रूपमा वि.सं. २०७४/१०/०५ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्थापना भएको हो। यो कार्यालय एकातिर प्रदेशको कार्यकारी प्रमुख मुख्यमन्त्रीको कार्यालय भएकोले मुख्यमन्त्रीलाई सचिवालयको सेवा प्रदान गर्दै आएको छ भने अर्कातिर प्रदेशको उच्च प्रशासनिक पदाधिकारी प्रमुख सचिवज्यूको कार्यालय पनि भएकोले प्रदेश मन्त्रिपरिषद्को कार्यसम्पादनमा प्रशासनिक एवम् प्राविधिक सहयोग पुऱ्याउने गर्दछ । राजनीतिक र प्रशासनिक दुबै दृष्टिकोणले उच्च निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रादेशिक प्रशासनको केन्द्रविन्दुको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । प्रदेशका सबै मन्त्रालयहरुको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयहरुको कार्यसम्पादन स्तरलाई प्रभावकारी बनाउन सघाउ पुग्दछ ।

### २. निकायको काम, कर्तव्य र अधिकार

बागमती प्रदेश सरकार, (कार्यविभाजन) नियमावली, २०८० अनुसार यस कार्यालयको काम, कर्तव्य र अधिकारहरु यस प्रकार रहेका छन् ।


| सि.नं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी |
| २ | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३ | प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन |
| ४ | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५ | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६ | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण |
| ७ | प्रदेश मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन |
| ८ | प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण |

| सि.नं. | कार्यजिम्मेवारी |
|---|---|
| ९ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन |
| १० | मानव अधिकारको संरक्षण र प्रवर्द्धन |
| ११ | सुशासन, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार |
| १२ | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १३ | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १४ | प्रदेश प्रमुखको सम्पर्क सम्बन्धी विषय (प्रतिवेदन समेत) |
| १५ | अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध |
| १६ | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन |
| १७ | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| १८ | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| १९ | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |
| २० | प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय |
| २१ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |

## ३. निकायमा रहने कर्मचारीको संगठन संरचना

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सङ्गठन संरचना



**४. निकायबाट प्रदान गरिने सेवा**

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत र व्यावहारिक निर्णयहरु तथा जनशक्ति व्यवस्थापनका सेवाहरु ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १. | डा. हरि प्रसाद लम्साल | प्रमुख सचिव | – |
| २. | - | प्रदेश सचिव | बैठक तथा प्रशासन महाशाखा |
| ३. | श्री रूद्र प्रसाद लामिछाने | प्रदेश सचिव | शासकीय सुधार तथा समन्वय महाशाखा |
| ४. | - | प्रदेश सचिव (कानून) | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ५. | श्री विनोद अमात्य | उप सचिव (कानून) | कानून तथा संवैधानिक मामिला शाखा |
| ६. | श्री असिम घिसिङ | अधिकृत नवौं | शासकीय सुधार तथा सञ्चार शाखा |
| ७. | श्री गोविन्द पुरी | अधिकृत नवौं | प्रशासन शाखा |
| ८. | श्री संयोग बस्नेत | अधिकृतस्तर दशौं | मा.मुख्यमन्त्रीको नीजि सचिवालय |
| ९. | श्री श्रीराम पुडासैनी | अधिकृत नवौं(लेखा) | आर्थिक प्रशासन शाखा |
| १०. | श्री विमोचन घिमिरे | अधिकृत आठौं | बढुवा समितिको सचिवालय |
| ११. | श्री श्रीराम पोखरेल | अधिकृत सातौं | नतिजा योजना तथा अन्तरतह समन्वय शाखा |
| १२. | श्री रविनजंग कार्की | अधिकृत सातौं | प्रशासन शाखा |
| १३. | श्री बसन्त गिरी | अधिकृत सातौं | शासकीय सुधार तथा समन्वय शाखा |
| १४. | सुदिप पाण्डेय | अधिकृत सातौं | प्रदेश किताब खाना |
| १५. | श्री सन्तोष पन्थी | अधिकृत सातौं | प्रदेश किताब खाना |
| १६. | श्री रघुनाथ लामिछाने | अधिकृत सातौं | प्रशासन शाखा |
| १७. | श्री उमेश गुरूङ | अधिकृत सातौं | बैठक शाखा |
| १८. | श्री टेकेन्द्र बहादुर थापा | अधिकृत सातौं | प्रदेश किताब खाना |
| १९. | श्री सरोज आचार्य | कम्प्युटर ईन्जिनियर | सूचना तथा सञ्चार समन्वय शाखा |
| २०. | श्री पुरुषोत्तम मिश्र | अधिकृत छैठौं | कर्मचारी प्रशासन |
| २१. | श्री सुदिप सुवेदी | अधिकृत छैठौं | जिन्सी शाखा |
| २२. | श्री लुना तिमल्सिना | क. अधिकृत छैठौं | सुचना तथा सञ्चार समन्वय शाखा |
| २३. | श्री सुदिप दाहाल | नायब सुब्बा | श्रीमान् प्रमुख सचिवको सचिवालय |
| २४. | श्री केशव प्रसाद ढुङ्गेल | नायब सुब्बा | प्रशासन शाखा |
| २५. | श्री सिमा राणा | नायब सुब्बा | प्रदेश किताबखाना |

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| २६. | श्री सुरेश राई | सहायक पाँचौ | प्रदेश किताबखाना |
| २७. | श्री संजय चौधरी | सहायक पाँचौं | आर्थिक प्रशासन शाखा |

**६. यस अवधिमा यस कार्यालयबाट सरूवा/अवकाश हुनुभएका कर्मचारीहरूको विवरणः**

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १. | श्री गोविन्द बहादुर कार्की | प्रमुख सचिव | – |
| २. | श्री हुमकला पाण्डे | प्रदेश सचिव | शासकीय सुधार तथा समन्वय महाशाखा |
| ३. | श्री श्रवणकुमार पोखरेल | प्रदेश सचिव | बैठक तथा प्रशासन महाशाखा |
| ४. | श्री कृष्ण कुमार कार्की | प्रदेश सचिव (कानून) | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ५. | श्री विदुर प्रसाद खनाल | प्रदेश सचिव | शासकीय सुधार तथा समन्वय महाशाखा (अवकाश) |
| ६. | श्री राजेन्द्र बहादुर अर्याल | उप सचिव | शासकीय सुधार तथा सञ्चार शाखा |
| ७. | श्री वीरेन्द्रजंग थापा | अधिकृतस्तर दशौं | मा.मुख्यमन्त्रीको नीजि सचिवालय |
| ८. | श्री संजिव न्यौपाने | अधिकृत नवौं | प्रदेश किताबखाना |
| ९. | श्री सुरेन्द्र कार्की | अधिकृत आठौं | कर्मचारी प्रशासन शाखा |
| १०. | श्री अर्जुन आचार्य | शाखा अधिकृत | नतिजा योजना तथा अन्तरतह समन्वय शाखा/शासकीय सुधार शाखा |
| ११. | श्री दिपा सापकोटा | अधिकृत छैठौं | कर्मचारी प्रशासन |
| १२. | श्री प्रकाशचन्द्र राई | अधिकृत छैठौं | कर्मचारी प्रशासन |
| १३. | श्री विश्वास राना | खरिदार | बैठक शाखा |
| १४. | श्री चोपीराम पुन मगर | सहायक पाँचौं | प्रदेश किताबखाना |
| १५. | श्री केशव झा | सहायक पाँचौं | संवैधानिक मामिला तथा कानून |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित नियम अनुसार ।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्रदेश सरकार मन्त्रिपरिषद्, माननीय मुख्यमन्त्री, प्रमुख सचिव, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस कार्यालयमा विभिन्न शाखाहरूबाट गरिएका निर्णयहरु उपर सम्बन्धित महाशाखाका प्रमुखज्यूहरु (प्रदेश सचिव) समक्ष तथा सचिव स्तरबाट भएका निर्णयहरुका सम्बन्धमा उजुरी भएमा प्रमुख सचिव समक्ष उजुरी वा गुनासो राख्न सकिनेछ ।

## १०. सम्पादन गरेका कामको विवरण

आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा सम्पादन भएका क्रियाकलाप तथा गतिविधिहरुको विवरण यस प्रकार छ ।

<u>समन्वय र सहकार्य तर्फ</u>

- मा. मुख्यमन्त्री बहादुर सिंह लामा तामाङज्यू नेतृत्वको सरकारले १०० दिनको अवधिमा सम्पादन भएका प्रमुख कार्यहरुको विवरण तयार गरिएको ।
- मा.मुख्यमन्त्रीज्यू र विषयगत मन्त्रालयका मा.मन्त्रीज्यूहरू बीच आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम कार्यान्वयनका सम्बन्धमा कार्यसम्पादन करार गरिएको ।
- नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार स्थानीय तहमा प्रदान भएको सशर्त अनुदान अन्तर्गतको कार्याक्रम सञ्चालनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा वडा समाजवादी कार्यक्रम कार्यान्वयन हुने १३ वटा जिल्ला विभिन्न १३ वटा स्थानीय तहका जनप्रतिनिधि, सम्बन्धित वडाको प्रतिनिधि, प्रमुख प्रशासकिय अधिकृत सहित अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।
- निवर्तमान मा.मुख्यमन्त्री शालिकराम जम्कट्टेलज्यूको नेतृत्वको सरकारले कार्यकालमा भएका कार्यहरूको प्रगति सम्बन्धी पुस्तक सार्वजनिकिकरण गरिएको ।
- प्रदेश सुशासन ऐनको दफा ४१ बमोजिम तयार गरिएको आर्थिक वर्ष २०८०/८१ को शासकीय सुधार तथा सुशासनसम्बन्धी प्रतिवेदन तथा वार्षिक प्रतिवेदन स्वीकृत भएको ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत वार्षिक स्वीकृत कार्यक्रम तर्फको जिल्ला समन्वय समिति सहयोग कार्यक्रम तर्फको विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि बागमती प्रदेश भित्रका १३ वटै जिल्ला समन्वय समितिलाई अख्तियारी प्रदान गरिएको ।
- सङ्घीयताको कार्यान्वयनका सम्बन्धमा, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको समन्वयमा राजस्व बाँडफाँटका दरहरुको पुनरावलोकनका सम्बन्धमा अन्तरक्रिया कार्यक्रमको सञ्चालनका लागि समन्वय तथा सहजीकरण तथा व्यवस्थापन गरिएको।
- विभिन्न प्रदेश मन्त्रालय, निकायबाट माग भएबमोजिमको कानूनी राय उपलब्ध गराईएको ।
- नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु, संवैधानिक आयोगहरु, बागमती प्रदेशका स्थानीय तह तथा अन्य प्रदेशहरुसँग समन्वय, सम्पर्क र सहयोग आदान प्रदानका क्रियाकलापहरु (पत्राचार, बैठकमा सहभागिता आदी) गरिएको ।
- नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु तथा संवैधानिक आयोगहरुबाट माग भई आएका विवरण तथा तथ्याङ्कहरु सङ्कलन तथा एकीकृत गरी पठाउने कार्य गरिएको ।
- नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय तथा निकाय एवं संवैधानिक निकायहरुबाट भएका निर्णय कार्यान्वयनका लागि बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरुसँग सहकार्य गरिएको ।

<u>नियमित कार्यसम्पादन तर्फ</u>

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक वर्ष २०८०/८१ को वार्षिक समिक्षा सम्पन्न गरिएको ।

- आर्थिक वर्ष २०८१/८२ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृत बजेट तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि कार्ययोजना तयार गरिएको ।
- बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकहरु नियमित रुपमा सञ्चालन गरिएको ।यस अवधिमा ८ वटा बैठक बसी विभिन्न निर्णय भएको । प्रदेश सरकार मन्त्रिपरिषद्बाट भएका निर्णयहरू यस कार्यालयको बेबसाईटमा प्रकाशित गर्ने गरिएको ।
- प्रमुख सचिवज्यूको अध्यक्षतामा प्रदेश सरकारका सचिवहरुको बैठकहरु नियमित रुपमा आयोजना गरिएको ।
- प्रमुख सचिवज्यूको अध्यक्षतामा प्रदेश अनुगमन तथा मूल्याङ्कन समितिको बैठक सञ्चालन गरिएको।
- कर्मचारी व्यवस्थापनका क्रियाकलापहरु (कार्य सम्पादन मूल्याङ्कन, सरुवा, अध्ययन र असाधारण बिदा सिफारिस, अध्ययन बिदा पूर्व स्वीकृति, आदि) गरिएको।

**यस अवधिमा भएको विवरणः**

| विषय | निकाय | संख्या |
|---|---|---|
| सरुवा | स्थानीय | १६६ |
| सरुवा | प्रदेश | ४२ |
| अध्ययन विदा स्वीकृति | स्थानीय | - |
| अध्ययन विदा स्वीकृति | प्रदेश | ९ |
| असाधरण विदा स्वीकृती | स्थानीय | - |
| असाधरण विदा स्वीकृत | प्रदेश | - |
| वैदेशिक तालिम मनोनयन | प्रदेश | ३० |
| बढुवा नियुक्तिका लागि सिफारिस | प्रदेश/स्थानीय | ६९ |
| प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएकोमा गरिएको नियुक्ति/पदस्थापन | नवौं तह (प्रविधिक/अप्राविधिक) | ३८ |
| प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएकोमा गरिएको नियुक्ति/पदस्थापन | सातौं तह (प्राविधिक/अप्राविधिक) | १५६ |
| राजिनामा/अवकाश | | ११ |
| विशेष बढुवा सिफारिस | | ३ |

- **प्रदेश किताबखानामार्फत यस अविधमा भएका कार्यहरूको विवरणः**

| विषय | संख्या |
|---|---|
| आ.व. २०८१/८२ को तलबी प्रतिवेदन पारित कार्यालय | १९ |
| प्रदेश निजामती सेवाका कर्मचारीहरूको सिटरोल दर्ता | ४३ |
| प्रदेश निजामती सेवाका कर्मचारीहरूको संकेत नं. उपलब्ध गराएको | ४३ |

| | |
|---|---|
| स्थानीय तहमा कार्यरत कर्मचारीहरूको सिटरोल दर्ता | ६५ |
| स्थानीय तहमा कार्यरत कर्मचारीहरूको संकेत नं. उपलब्ध गराएको | ० |
| स्थानीय तहबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन प्राप्त | ५ |
| प्रदेश र स्थानीय तहबाट प्राप्त कर्मचारी, जनप्रतिनिधिहरूको सम्पत्ति विवरण | ५५३५३ |
| प्रदेश अन्तर्गत केन्द्रीय निकायहरूको संगठन दर्ता संख्या | २ |
| प्रदेश अन्तर्गत कार्यालयहरूको संगठन दर्ता संख्या | ० |
| प्रदेश अन्तर्गत कार्यालयहरूका दरबन्दी (पद) | ५१४३ |

- यस कार्यालयलाई विपक्षी बनाएर अदालतमा दायर भएका मुद्धाहरुको लिखित जवाफ पेस गरिएको।

**यस अवधिमा पेश गरिएका लिखित जवाफको विवरण**

| **अदालतको प्रकार** | **लिखित जवाफको संख्या** |
|---|---|
| सर्वोच्च अदालत | ५ |
| उच्च अदालत, पाटन | ७ |
| उच्च अदालत, हेटौंडा | ४ |

- **बढुवा समितिको सचिवालयबाट भएका बढुवा सिफारिसको विवरणः**

**मिति २०८१ साउन देखि २०८१ कार्तिक मसान्तसम्मको बढुवा सिफारिस सम्बन्धी विवरण**

**प्रदेश सेवा**

| **विज्ञापन भएको** | **तह** | **माग पद सङ्ख्या** | **बढुवा सिफारिस भएको सङ्ख्या** | | | **रिक्त** |
|---|---|---|---|---|---|---|
| | | | **महिला** | **पुरुष** | **जम्मा** | |
| आ.व. ०८०/८१ | सातौं | १०० | १० | ८० | ९० | १० |
| **जम्मा** | | **१००** | **१०** | **८०** | **९०** | **१०** |

११. **प्रमुख सचिवको नामः** डा. हरि प्रसाद लम्साल

१२. **प्रवक्ताको नामः** श्री असिम घिसिङ लामा (अधिकृत नवौं)

१३. **सूचना अधिकारीको नाम र पदः** श्री रघुनाथ लामिछाने, (अधिकृत सातौं)

१४. **कार्यालयको Website:** https://ocmcm.bagamati.gov.np/

१५. **मन्त्रालयको सम्पर्क नं.** *०५७-५२२३८५, ०५७-५२२३८७, ०५७-५२२३९७, ०५७-५२२८९७, ०५७-५२२८९८*

१६. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- बागमती प्रदेश कार्यविभाजन नियमावली, २०८० को अनुसूचीमा हेरफेर भएको ।

१७. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

यस कार्यालयले आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकसम्ममा भएको खर्चको विवरण यस प्रकार रहेको छ ।

| बजेट उपशीर्षक नं | खुद बजेट | ०८१ कार्तिक मसान्त सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय [३०१०००११३] | २६७,०९३,०००.०० | ४१,५३५,०६८.९२ | १५.५५% |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय [३०१०००११४] | १०,९५०,०००.०० | ९,४८,२२०.०० | ८.६६% |
| **जम्मा** | २७८,०४३,०००.०० | ४२,४८३,२८८.९२ | १५.३८% |

प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम अन्तर्गतको बजेट तथा कार्यक्रम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कार्यक्रम समन्वय इकाईको च.नं. १३, मिति २०८१/०४/१५ को पत्रानुसार बजेट रोक्का रहेको ।

*****